प्रदेश सरकार
# स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल

: +९७७-०२१-५९०६७१
: info.moh@p1.gov.np
: moh.p1.gov.np

प.सं.:-२०८२/८३
च.नं.:-

## तह वृद्धिका लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना।

प्रकाशित मिति २०८२/९/१

प्रदेश निजामती सेवा ऐन, २०७९ (संशोधन सहित) को दफा ३० को उपदफा (१) तथा प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ५२ बमोजिम पाँचौं तहबाट छैटौ तह, सातौ तहबाट आठौं तह र नवौं तहबाट दशौ तहमा तह वृद्धिका लागि तह वृद्धि हुने तहभन्दा एक तह मुनिको पदमा यस मन्त्रालय तथा अन्तर्गतका निकाय/कार्यालयहरूमा प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीहरूले यो सूचना प्रकाशित भएको मितिलें ३० दिनभित्र प्रदेश निजामती सेवा नियमावली, २०८१ को अनुसूची- २० को ढाँचामा तह वृद्धिका लागि देहाय बमोजिमको स्वयं आफैले प्रमाणित गरेका कागजातहरू संलग्न राखी यस मन्त्रालयमा आवदेन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजातहरू**

१. प्रदेश निजामती सेवा नियमावली, २०८१ को अनुसूची २० को ढाँचामा निवेदन
२. सुरु नियुक्ति पत्रको प्रतिलिपि
३. कर्मचारीको तह वृद्धि हुने पदभन्दा तल्लो तह वा पदमा नियुक्ति/बढुवा भएको पत्रको प्रतिलिपि।
४. समायोजन भएका कर्मचारीको हकमा समायोजन पत्रको प्रतिलिपि।
५. गयल कट्टी नभएको, सेवा निरन्तरता रहेको, विभागीय कारवाहीमा नपरेको तथा अध्ययन, असाधारण र बेतलबी बिदमा नबसेको प्रमाणित हुने कार्यालयको सिफारिस पत्र।
६. पेसा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)